# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।


मिति : २०७६।०३।२१

श्री क्याम्पस प्रमुखज्यू,

ME Earthquake/ M. Sc. in Urban Design & Conservation / M. Sc. in Engineering Management/ M. Sc. in Information System Engineering अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाउने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा **इन्जिनियरिङ्ग** संकाय अन्तर्गत २०७६ सालमा सञ्चालन गरिने ME Earthquake/ M. Sc. in Urban Design & Conservation / M. Sc. in Engineering Management/ M. Sc. in Information System Engineering शैक्षिक कार्यक्रमहरूको **दोश्रो र चौथो** सेमेष्टर नियमित तथा आंशिक रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०७६।०४।२६ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०७६।०४।२६ गतेसम्म बैंक भौचर जम्मा गरी मिति २०७६।०४।३० गतेभित्र नियमानुसारको परीक्षा शुल्क वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ...... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिलः**

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।

२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।

६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।

७) परीक्षा शुरू हुनुभन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन **Online Entry** गरी **Hard Copy** प्रमाणित गरी पठाई सक्नुपर्नेछ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

८) परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | (क) **परीक्षा शुल्क** २०२० समूहदेखि नियमित तथा आंशिक परीक्षार्थीहरूलाई | रू.२,१००।- प्रति विद्यार्थी |
| | (ख) **परीक्षा शुल्क** अन्य समूह तथा सेमेष्टर नियमित | रू.१,६००।- प्रति विद्यार्थी |
| २. | आंशिक १ विषय | रू.६००।- प्रति विद्यार्थी |
| ३. | आंशिक २ विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ४. | आंशिक २ भन्दा बढी विषय | रू.१,६००।- प्रति विद्यार्थी |
| ५. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |
| ६. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म) | रू.२,०००।- प्रति विद्यार्थी |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म) | रू.३,०००।- प्रति विद्यार्थी |

**नोटः**
१) क्र.सं. ६ र ७ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरूहुने परीक्षालाई शुरू भएको दिन मानिनेछ ।
२) कुरियर मार्फत परीक्षा फारामहरू नपठाउनु होला ।
३) चौथो सेमेष्टरमा नियमित रूपमा अध्यनरत विद्यार्थीहरूले अनिवार्य परीक्षा आवेदन फाराम भर्नुपर्नेछ, फाराम नभरेमा आफु भन्दा मुनीको समुहमा समूह परिवर्तन गर्नुपर्नेछ, साथै, सम्बन्धित कलेजमा कोटा नभएमा नयां विद्यार्थी सोसरह पुनः प्रथम सेमेष्टर देखि नै भर्ना भई अध्यन गर्नु पर्नेछ ।

नि. परीक्षा नियन्त्रक

website: www.puexam.edu.np, email: fost@puexam.edu.np, ठेगानाः पुष्पलाल चौक, विराटनगर, नेपाल, सम्पर्क नं.: ०२१-४६१६६४